annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ११२ पृष्ठ ८ | काठमाडौं, मंगलबार ३ भदौ २०८२ | भाद्र कृष्णपक्ष एकादशी नेपाल संवत् ११४५ | TUESDAY, AUGUST 19, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# पीडादायी प्रतीक्षामा विपिनका परिवारजन

**हमासद्वारा बन्धक बनाइएका नेपाली विद्यार्थी विपिन जोशीको अवस्था अझै अज्ञात छ । इजरायलमा कृषि अध्ययनरत विपिनलाई हमासले गत अक्टोबरमा अपहरण गरेको पुष्टि भए पनि हालसम्म उनको खोजी हुन सकेको छैन । लामो समयदेखि पीडादायी प्रतीक्षामा बस्दै आएका उनकी आमा र बहिनी अन्ततः प्रत्यक्ष खोजीका लागि इजरायल पुगेका हुन् । राजधानी तेलअभिब पुगेर उनीहरूले त्यहाँका राष्ट्रपति, मानवअधिकारवादी संघसंस्था तथा नेपाली दूतावासमा भेटघाट गरी विपिनको सकुशल उद्धारका लागि पहल गरिदिन आग्रह गरेका छन् ।**

**खेमराज जम्मर कट्टेल** | *इजरायल*

– को रिपोर्ट

समाचार पृष्ठ २




इजरायलमा आयोजित एक कार्यक्रममा भावविह्वल भएर बोल्दै विपिनकी बहिनी पुष्पा ।



इजरायलका राष्ट्रपति भेटघाटपछि सामूहिक तस्बिर खिचाउँदै विपिनकी आमा र बहिनी ।



आमा र बहिनीसँग विपिन ।

## पाकिस्तानमा बाढीले कम्तीमा ३३७ को मृत्यु

**इस्लामाबाद** (एजेन्सी) : पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा आएको बाढीले कम्तीमा ३ सय ३७ जनाको मृत्यु भएको छ। राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार, जलवायु परिवर्तनका कारण उक्त बाढी आएको हो। हालैका दिनहरूमा आएको बाढीले दर्जनौं बेपत्ता भएका छन्।

किश्तवार जिल्लामा पर्ने दुर्गम गाउँ चोसिटीमा आइतबार आपत्कालीन टोलीहरूले उद्धार प्रयास जारी राखेका छन्। त्यहाँ कम्तीमा ६० जनाको मृत्यु भएको छ भने करिब १ सय ५० जना घाइते भएका छन्। यसमध्ये ५० जनाको अवस्था गम्भीर छ। आपत्कालीन सेवाका प्रवक्ता मोहम्मद सुहेलले खैबर पख्तुनख्वा प्रान्तको पहाडी जिल्ला बुनेरमा घण्टौंसम्मको प्रयासपछि ५४ जनाको शव फेला परेको बताएका छन्। उक्त ठाउँमा शुक्रबार मुसलधारे वर्षा र बादल फाटेका कारण ठूलो बाढी आएको थियो। सुहेलका अनुसार अझै धेरै गाउँलेहरू बेपत्ता छन्।

अधिकारीहरूले थप बाढी र सम्भावित पहिरोको चेतावनी दिएका छन्। स्थानीय प्रशासनहरूलाई सतर्क रहन आग्रह गरिएको छ। जुन २६ यता देशमा सामान्यभन्दा बढी मनसुनी वर्षा भएको छ भने ६ सयभन्दा बढीको मृत्यु भइसकेको छ।

## बल्ल फुकुवा भयो लहानको सिंगो गाउँको जग्गा

**शम्भु यादव** | *सिरहा*

सिरहाको लहान नगरपालिकाका सम्पूर्ण गाउँ ब्लक जग्गासम्बन्धी समस्या समाधान हुने भएपछि स्थानीय खुसी भएका छन्। भूमिसुधारमन्त्री बलराम अधिकारीले गत साता मन्त्रीस्तरीय निर्णय गरेर भूमि व्यवस्थापन तथा अभिलेख विभागमार्फत मालपोत र नापी कार्यालय लहानमा ६ बुँदे निर्देशन पठाएका हुन्। केही महिनादेखि मालपोत कार्यालयविरुद्ध गाउँ ब्लक जग्गाको सम्पूर्ण फुकुवा माग गर्दै स्थानीयवासी आन्दोलित भएका थिए। वार्तापछि मन्त्रालयसँग मालपोत कार्यालयले निर्देशन माग गरेका थिए। निर्देशन आएपछि काम अगाडि बढ्ने विश्वास बढेको संघर्ष समितिका संयोजक अरुण केसीले बताए। उनले २४ वटै वडामा समिति गठन गरी चरणबद्ध रूपमा आन्दोलन गरिरहेका थिए।

'हामीलाई जग्गा फुकुवा भएर खुसी महसुस भएको छ। अब बाँकी काम र कार्यान्वयनमा लग्ने काम मालपोत कार्यालयको जिम्मेवारी मुख्य हो। त्यसका लागि पनि नियमित फलोअपमा रहन्छौं,' संयोजक केसीले भने, 'गाउँ ब्लक जग्गाको समस्याले यहाँका ८ हजारभन्दा बढी घरपरिवार



**समस्या समाधान हुने थाहा पाएपछि मालपोत कार्यालय पुगेर धन्यवाद ज्ञापन गर्दै संघर्ष समितिका सदस्यहरू ।** ● शम्भु यादव

मर्कामा थिए। अब समस्या समाधान भएपछि खुसी लागेको छ।' विभिन्न राजनीतिक दल, मेयर महेश चौधरी, प्रमुख जिल्ला अधिकारी सबैको सहयोग र समन्वयमा समस्या समाधान हुन लागेको उनको भनाइ छ।

गाउँ ब्लक जग्गाको समस्याले गर्दा यहाँका हजारौं परिवारमा पीडित भएको नेपाली कांग्रेस नगर सभापति सञ्जय यादवले बताए।

» बाँकी पृष्ठ ३

## गौर हत्याकाण्ड
# सर्वोच्चद्वारा छानबिन गर्न परमादेश

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले रौतहट जिल्लाको गौरमा १९ वर्षअघि भएको हत्याकाण्डको छानबिन गर्न सोमबार परमादेश दिएको छ।

न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले हत्याकाण्डको छानबिन गर्न परमादेश दिएको हो। २०८० जेठ २१ मा त्रिभुवन साहसमेतले दायर गरेको मुद्दामा परमादेश जारी भएको हो। मुद्दामा जिल्ला प्रहरी कार्यालय रौतहट गौर र जिल्ला सरकारी वकिल कार्यालय रौतहट गौरसमेतलाई विपक्षी बनाइएको थियो। उक्त घटनामा २७ जनाको ज्यान गएको थियो। १ सय १५ जना घाइते भएका थिए।

सर्वोच्चले जारी गरेसँगै तत्कालीन मधेसी जनअधिकार फोरमका संयोजक एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव अनुसन्धानमा तानिएका छन्। २०६३ माघ १ मा जारी अन्तरिम संविधान, २०६३ मा असहमति जनाउँदै यादवले मधेस विद्रोह सुरु गरेका थिए। रौतहटको गौरमा आयोजित विरोध कार्यक्रम हिंसात्मक बनेको थियो।

२०६४ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा किटानी जाहेरी परे पनि अनुसन्धान र अभियोजन हुन सकेको थिएन। राष्ट्रिय



मानवअधिकार आयोगले अनुसन्धान कार्य अघि नबढाउने जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन प्रमुख प्रहरी उपरीक्षक योगेश्वर रोमखामी र मानवअधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी पूरा नगर्ने तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझा, तत्कालीन प्रहरी उपरीक्षक रामकुमार खनाल, सशस्त्र प्रहरी नायब उपरीक्षक धर्मानन्द सापकोटा र नायब उपरीक्षक कामाख्या नारायण सिंहलाई सेवामा नै बहाल रहेको अवस्था भएमा विभागीय कारबाही गर्न र सेवा निवृत्त भएको अवस्था भएमा आगामी दिनमा राज्यको तर्फबाट कुनै पनि थप अवसर प्रदान नगर्न सुझावसमेत दिएको थियो।

### कानुनी परामर्शमा यादव

सर्वोच्चको परमादेशपछि जनता समाजवादी पार्टीका अध्यक्ष यादवले कानुनी परामर्श सुरु गरेका छन्। २०६३ चैत ७ मा तत्कालीन मधेसी जनअधिकार फोरम र नेकपा माओवादीका कार्यकर्ताबीचको झडपमा २७ जना माओवादी कार्यकर्ताको ज्यान गएको थियो। त्यतिबेला यादव फोरमका अध्यक्ष थिए।

उक्त घटनाबारे राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अध्ययन गरेको थियो। आयोगले घटना हुनुको पछाडि मुख्य रूपमा चारवटा कारण रहेको प्रतिवेदन सार्वजनिक गरेको थियो। तत्कालीन नेकपा माओवादीप्रति फोरम र तत्कालीन फोरमप्रति नेकपा (माओवादी) को प्रतिशोधयुक्त व्यवहारका कारण २०६३ साल माघ १७ मा गौरमा घटना भएको निष्कर्ष प्रतिवेदनमा निकालिएको थियो।

» बाँकी पृष्ठ ३

